*रोहिणी गाउँपालिकाको आधिकारीक त्रैमासिक प्रकाशन*

# रोहिणी गाँउपालिका बुलेटिन

*स्वच्छ रोहिणी समृद्ध रोहिणी*

वर्ष: १ | अङ्क: १ | महिना: श्रावन, भदौ,असोज | मिति :२०८२/०७/०२

## आ.व. २०८२/८३ मा रासायनिक मल वितरणको सफल



यस गाउँपालिकामा आ.व. २०८२/८३ मा रासायनिक मल वितरण प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाइएको छ । स्थानीय तह मल वितरण व्यवस्थापन समिति र वडाका जनप्रतिनिधिहरूको सक्रिय सहभागितामा स्थलगत अनुगमन र निरीक्षण गरी किसानहरूलाई रूपमा मल उपलब्ध गराइएको छ।

**वितरणको अवस्था:** २०८२ असोज महिनासम्मको तथ्यांक अनुसार, कृषि सामग्री कम्पनी लिमिटेडबाट सातै वडाका १४ वटा मल विक्रेता सहकारी संस्थाहरूमार्फत कुल ४२८५ बोरा युरिया र ४२५२ बोरा डी.ए.पी. मल वितरण गरिएको छ ।यसैगरी, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट सातै वडाका ११ वटा मल विक्रेता सहकारी संस्थाहरू मार्फत १४०७.२२० बोरा डी.ए.पी. मल वितरण भएको छ । यस सफल वितरणले किसानहरूलाई समयमै आवश्यक मल प्राप्त गर्न सहयोग पुगेको छ,जसले कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।




## रोहिणी गाउँपालिकामा आ.व. २०८१/८२ को वार्षिक समीक्षा बैठक सम्पन्न

रोहिणी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ।गाउँपालिका अध्यक्ष श्री विद्या प्रसाद यादवज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सम्पूर्ण वडा अध्यक्षज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यु, शाखा प्रमुखहरू तथा वडा सचिवज्यूहरूको सक्रिय उपस्थिति रहेको थियो।बैठकमा विभिन्न शाखा प्रमुखहरू तथा वडाहरूले गत आर्थिक वर्षमा सम्पादित कार्यहरूको विस्तृत प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतीकरणका क्रममा आ—आफ्नो शाखा र वडाबाट भएका उपलब्धिहरू, चुनौतीहरू र आगामी योजनाहरूबारे प्रकाश पारिएको थियो ।

गाउँपालिका अध्यक्ष यादवज्यूले समीक्षा बैठकले गाउँपालिकाको समग्र प्रगति मूल्यांकन गर्न र आगामी दिनमा अझ प्रभावकारी रूपमा कार्य सम्पादन गर्न महत्वपूर्ण दिशा निर्देश गर्ने बताउनुभयो। प्रमुख प्रशासकीय अधिकृतज्यूले प्रस्तुत भएका प्रतिवेदनहरूको आधारमा आवश्यक सुधारका कदमहरू चालिने प्रतिबद्धता व्यक्त गर्नुभयो । यस समीक्षा बैठकले गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त दुरुस्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

## रोहिणी गाउँपालिकामा विश्व स्तनपान सप्ताह भव्यताका साथ सम्पन्न



विश्व स्तनपान सप्ताह (अगस्ट १—७) रोहिणी गाउँपालिकामा श्रावण १६ देखि २२ गतेसम्म विभिन्न कार्यक्रमका साथ भव्यताका साथ सम्पन्न भएको छ । गाउँपालिकाका वडा नं. ३, ४ र ७ लगायत सम्पूर्ण वडाहरूमा स्तनपानको महत्वबारे जानकारी गराउँदै यो दिवस मनाइएको हो ।कार्यक्रममा आमाहरूलाई शिशुको विकासमा आमाको दूधको भूमिका र महत्वबारे विस्तृत जानकारी गराइयो । विशेषज्ञहरूले आमाले शिशुलाई दिनको कति पटक दूध चुसाउनु पर्दछ, कति महिनासम्म आमाको दूध मात्रै खुवाउनु पर्दछ र कति महिनापछि थप खाना सुरु गर्ने लगायतका विषयमा प्रकाश पारेका थिए।यसका साथै. आमा र शिशुको स्याहारसुसार कसरी गर्ने, सरसफाइको महत्व, र खोप लगाउने समय तालिकाको बारेमा पनि जानकारी गराइएको थियो ।गाउँपालिकाले यस कार्यक्रममार्फत नवजात शिशु तथा आमाहरूको स्वास्थ्य प्रवद्र्धनमा महत्वपूर्ण योगदान पु-याएको छ । यस अवसरमा गाउँपालिका अध्यक्षले स्वस्थ शिशु र स्वस्थ आमाका लागि स्तनपानको विकल्प नरहेको बताउँदै आगामी दिनमा पनि यस्ता जनचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## रोहिणी गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य तीव्र गतिमा, माघ मसान्तसम्म सम्पन्न हुने



रुपन्देहीको रोहिणी गाउँपालिकाको निर्माणाधीन प्रशासनिक भवनको स्ट्रक्चरल संरचना निर्माण कार्य सम्पन्न भइसकेको छ। हाल भवनको बेस्मेन्ट, भुइँतला र चार तल्ला माथिको संरचना तयार भई रङरोगन, झ्याल, ग्रिल तथा टाइल्सको काम तीव्र गतिमा भइरहेको छ।गाउँपालिकाका अनुसार भवन निर्माणमा भौतिक प्रगति ७५% तथा वित्तीय प्रगति ६५% रहेको छ । यस महत्वाकांक्षी परियोजनालाई सुरुमा २०८२ साल असोज महिनाको मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर, बजेट अभाव लगायतका विविध कारणले गर्दा अब माघ मसान्तसम्ममा सम्पन्न गर्ने नयाँ लक्ष्य निर्धारण गरिएको छ। नवनिर्मित भवन अत्याधुनिक सुविधासम्पन्न हुनेछ। यसमा पार्किङका लागि बेस्मेन्ट, अपाङ्गमैत्री लिफ्ट र प्रत्येक तलामा शौचालयको व्यवस्था गरिएको छ। भवनभित्र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति तथा विभिन्न शाखाहरूका लागि छुट्टाछुट्टै कोठाहरू रहनेछन्। साथै, बैंकका लागि समेत एक कोठा छुट्याइएको छ। आपत्कालीन अवस्थामा प्रयोग गर्नका लागि भवन बाहिरबाट आपत्कालीन सिँढीको समेत निर्माण गरिनेछ। गाउँपालिकाले यस भवनको निर्माण पश्चात् सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता कायम हुने, समयमै सेवा प्रवाह हुने तथा नागरिकमैत्री वातावरण सिर्जना हुने अपेक्षा लिएको छ। यसबाट गाउँपालिकावासीले अझ सहज र प्रभावकारी सेवा प्राप्त गर्ने विश्वास गरिएको छ।

## रोहिणी गाउँपालिकामा स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समीक्षा सम्पन्नः लक्ष्य प्राप्तिको यकिन र भावी कार्ययोजना



रोहिणी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको वार्षिक समीक्षा सफलतापूर्वक सम्पन्न गरेको छ । गाउँपालिकामा सञ्चालित स्वास्थ्य चौकीहरू र विभिन्न गैरसरकारी संस्थाहरूद्वारा गरिएका स्वास्थ्य क्रियाकलापहरूको डेटामा आधारित रहेर लक्ष्य अनुसारको प्रगति भए नभएको यकिन गरिएको छ ।समीक्षा बैठकमा उपस्थित सरोकारवालाहरूले विगत एक वर्षको अवधिमा भएका प्रगति र चुनौतीहरूका बारेमा गहन छलफल गरेका छन्। प्राप्त तथ्यांकहरूको विश्लेषण गर्दै, कुन क्षेत्रमा अपेक्षित सफलता प्राप्त भयो र कुन क्षेत्रमा सुधारको आवश्यकता छ भनी पहिचान गरिएको छ । गाउँपालिकाका स्वास्थ्य संयोजक रामनेवास चौधरी ज्यूले बैठकमा बोल्दै, "हाम्रो मुख्य उद्देश्य भनेको रोहिणी गाउँपालिकाका सम्पूर्ण नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु हो । यस समीक्षाले हामीलाई विगतको कामको मूल्यांकन गर्न र आगामी दिनमा अझ प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्न मद्दत पुर्याएको छ ।"छलफलको क्रममा, आगामी दिनहरूमा स्वास्थ्य सेवालाई कसरी अझ सुदृढ बनाउन सकिन्छ भन्ने बारेमा विस्तृत कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा स्वास्थ्य सेवाको पहुँच विस्तार, जनचेतना अभिवृद्धि, पूर्वाधार विकास र आवश्यक कर्मचारी व्यवस्थापन जस्ता विषयहरूलाई प्राथमिकता दिइएको छ ।विशेष गरी, निर्धारित लक्ष्यहरू प्राप्त गर्न नसकेका क्षेत्रमा विशेष ध्यान दिने र त्यसका लागि आवश्यक रणनीतिहरू निर्माण गर्ने निर्णय गरिएको छ। यसका साथै, गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई थप बलियो बनाउँदै स्वास्थ्य कार्यक्रमहरूलाई अझ जनमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

## आ.व २०८२/८३ को प्रथम त्रैमासिक आय व्याय

आम्दानीः१६०६८०७२४.४८, कुल आय अनुमानको२६.९७%

खर्चः७४५३५३२७.६८, कुल खर्च अनुमानको १२.५१%

- पुँजीगत खर्चः १४१०७५६६ (७.५%)
- चालु खर्चः ६०४२७७६१.६८(१४.८३%)




## एस ईई ग्रेडबृद्धी परीक्षा अनुगमन



मिति २०८२ को ग्रेड वृद्धि परीक्षा राहिणी गाउँपालका अध्यक्ष तथा शिक्षा समितिका अध्यक्ष तथा शिक्षा शाखा कर्मचारी सहितको टोली राम नरेश यादव आदर्श नमुना मा.वि.मा अनुगमन भयो।

## रोहिणी गाउँपालिका वडा नं. १ को वडा कार्यालय भवन निर्माण अन्तिम



रोहिणी गाउँपालिका वडा नम्बर १ को वडा कार्यालयको नयाँ प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।साविकको पुरानो भवन रहेको स्थानमा निर्माणाधीन यस भवनको हालसम्म लगभग ९५% भौतिक प्रगति हासिल भइसकेको छ ।साढे दुई तल्लाको यस अत्याधुनिक भवनमा वडा कार्यालय सञ्चालनका लागि आवश्यक सम्पूर्ण कोठाहरूको निर्माण गरिएको छ ।सेवाग्राहीहरूलाई सहज र व्यवस्थित सेवा प्रवाह गर्नेउद्देश्यका साथ निर्माण भइरहेको यो भवनले वडाको प्रशासनिक कार्यलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। सुरुवातमा २०८१ साल पुस मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको भए तापनि विभिन्न कारणले गर्दा समयमा काम पूरा हुन सकेको थिएन । हाल निर्माण कार्यलाई तीव्रता दिँदै आउँदो माघ मसान्तसम्ममा भवनको सम्पूर्ण कार्य सम्पन्न गर्ने संशोधित लक्ष्य निर्धारण गरिएको छ ।

## रोहिणी गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता नवीकरण: ३६७० जना



रोहिणी गाउँपालिकामा यस आर्थिक वर्षको भदौ मसान्तसम्म सामाजिक सुरक्षा भत्ता नवीकरण कार्य सफलतापूर्वक सम्पन्न भएको छ । गत आर्थिक वर्षमा ३,७९४ जना लाभग्राही रहेकोमा हालसम्म ३,६७० जनाको नवीकरण बाँकी मध्ये करिब ३६ जनाको मृत्यु भएको र केही विदेशिएकोले नवीकरण गर्न छुट भएको छ ।


नवीकरण प्रक्रियालाई सहज बनाउन राष्ट्रिय परिचयपत्र, लाभग्राहीको स्वयं उपस्थिति र बायोमेट्रिक डिभाइसद्वारा फिंगर भेरिफिकेसन अनिवार्य गरिएको थियो । यसले सेवाग्राहीलाई निकै सजिलो भएको अनुभव गरिएको छ ।

नवीकरण गरिएका लाभग्राहीहरूमा ज्येष्ठ नागरिक (७० वर्षभन्दा माथि) २१६७ जना, ज्येष्ठ नागरिक दलित २८० जना, ज्येष्ठ नागरिक एकल महिला १४३ जना, विधवा ४८५ जना, पूर्ण अपाङ्ग ५३ जना, अति अशक्त १७५ जना, दलित बालबालिका ३६७ जना र लोपोन्मुख जातिका लाभग्राहीहरू समावेश छन् । नेपाल सरकारले प्रदान गर्ने सेवामा कोही पनि नछुट्न् भन्ने उद्देश्यका साथ सम्बन्धित वडाका वडासचिव र पालिकाका पञ्जीकरण शाखाका कर्मचारीहरूले भदौ मसान्तभित्र सबै लाभग्राहीको नवीकरण गर्ने लक्ष्यका साथ निरन्तर काम गरेका थिए ।

## गुनासो तथा सुझाव दर्ता

यस रोहिणी गाउँपालिका तथा यस अन्तर्गत पर्ने कार्यालयहरुको काम, कारबाही तथा सेवा प्रवाह सम्बन्धी गुनासो तथा सुझाव भएमा कृपया तलको QR कोड स्क्यान गरी गुनासो तथा सुझाव पेश गर्नुहुन अनुरोध छ।



# पिपरहवा स्वास्थ्य चौकी भवनको ९०% निर्माण सम्पन्न, स्थानीयलाई स्वास्थ्य सेवामा सहज पहुँचको अपेक्षा

रोहिणी गाउँपालिका वडा नम्बर ५ र ६ का बासिन्दाहरूका लागि महत्वपूर्ण स्वास्थ्य पूर्वाधार, पिपरहवा स्वास्थ्य चौकी भवनको निर्माण कार्य तीव्र गतिमा अगाडि बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा सुरु भएको यस भवनको निर्माण कार्य २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ, र हालसम्म यसको समग्र प्रगति ९० प्रतिशत पुगेको छ ।
तीन तल्ले यस भवनको भुइँ तल्ला र पहिलो तल्लामा स्वास्थ्य चौकी सञ्चालन गरिनेछ, जसले स्थानीय समुदायलाई प्राथमिक स्वास्थ्य सेवा र बर्थिङ सेन्टरको सुविधा प्रदान गर्नेछ । तेस्रो तल्लामा भने स्टाफ क्वाटरको व्यवस्था गरिएको छ, जसले स्वास्थ्यकर्मीहरूलाई कार्यस्थल नजिकै आवासको सुविधा उपलब्ध गराउनेछ ।



## रोहिणी गाउँपालिकाको बजार अनुगमन







## पोसिलो खानाको प्रदर्शनी





रोहिणी गाउपालिका अन्तरगतका वडा न.१ को चनुली टोलमा र वडा न. २ को श्रीनगर टोलमा ६ महिना देखि ५ बर्ष मुनिका बालबालिकाहरुलाई खुवाउने खाना कस्तो किसिमको हुनु पर्दछ, यसवाट हुने फाइदाहरु के के रहेका छन् त् सोको बारेमा सुनौला हजार दिनका आमाहरुलाई जानकारी गराएर पोषिलो खाना कसरी बनाउने सबै देखाएर बनाएर खान पनि त्यो खाना कस्तो लग्यो सोको बारेमा पृष्ठपोषण लिइ कार्यक्रम सम्पन्न गरियो ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)

प्र.जि.अ.५७०१५९
५७०१५८
५७०१५९
५७०१५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या :- प्र./०८२/०८३
च.नं. :- २०६०

मिति २०८२/०६/२९

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरु ।

उपरोक्त विषयमा जिल्ला सुरक्षा समितिको मिति २०८२/०६/२६ गतेको निर्णयानुसार नेपालीहरुको दोस्रो ठूलो महानपर्व दिपावली एवं तिहारको अवसरमा परम्परागत रुपमा खेलिदै आएको देउसी भैलो लगायतका नाच गानका कार्यक्रमहरु बेलुका ९:०० बजे सम्म मात्र संचालन गर्ने व्यवस्था मिलाउन भनि भएको निर्णय तहाँ स्थित सबै पालिकाहरुले कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

## वडाध्यक्ष र वडा सचिवको सम्पर्क विवरण

| वडा नं. | वडाध्यक्षको नाम थर | सम्पर्क नं. | वडा सचिवको नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | आविद अलि पठान | ९८५७०१५२१९ | राजकुमार मिश्र | ९८५७०१०५२२ |
| २ | करम हुसेन खान | ९८५७०४४७८६ | रबिलाल पौडेल | ९८४९२२६०५४ |
| ३ | वीर बहादूर क्षेत्री | ९८४७०२३१५७ | पुर्णिमा घिमिरे | ९८६७०४८५९० |
| ४ | तारानाथ यादव | ९८४७०३९९३७ | बलिराम चौधरी | ९८५७०१५२८४ |
| ५ | श्री घनश्याम सिह क्षेत्री | ९८५७०२०७३० | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ६ | श्री इन्द्रमान चौधरी | ९८०७४३१८३४ | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ७ | अन्नान अहमद भाट | ९८४७१३८०२२ | आनन्दलाल कर्ण | ९७४५४०८६२१ |

## गाउँपालिका अध्यक्ष ज्यू र प्र.प्र.अ बिच कार्य सम्पादन सम्झौता



स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार २०८२/८३ को लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिच कार्य सम्पादन सम्झौता भएको छ।




रोहिणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय धकधई रुपन्देही rohinigaupalika1@gmail.com rohinimun.gov.np

*संरक्षक: श्री विद्या प्रसाद यादव/श्री शिवकान्ती चमार*

*टाइप ,सेटिङ तथा डिजाइन: श्री निता पौडेल (सू .प्र .अ)*

*सल्लाहाकार: श्री जगत बहादुर बस्नेत*

*सम्पादन समिति:*
*श्री दिपा सुवेदी, श्री निता पौडेल*
*श्री शन्ती कुमारी यादव*